# पुतलीबजार नगरपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## आर्थिक बर्ष २०७७/०७८




प्रतिवेदन प्राप्त गर्ने निकाय

पुतलीबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, पुतलीबजार, स्याङ्जा

तथा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, कास्की

गण्डकी प्रदेश

प्रतिवेदक

डा कृष्ण बहादुर राई

सम्पर्क नं: ९८६६२६६५२७

Email: kraimrg@gmail.com

डा अनिता श्रेष्ठ

सम्पर्क नं: ९८५१०६२५१३

Email: anitashrestha26@gmail.com

## बिषयसूची

**बिषयसूची** २
**तालिका सूची** ४
**अनुसूचीहरु** ४
**भाग – १** १
**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा** १
१.१ पृष्ठभूमि १
१.२ पुतलीबजार नगरपालिकामा लैंगिक र सामाजिक संरचना २
१.३ लैससास परीक्षणको महत्व २
१.४ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु ४
१.३ लैससास परीक्षणका उद्देश्यहरु ६
**भाग – २** ७
**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका बिधि** ७
२.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु ७
२.२ लैससास परीक्षणको बिधि र तरीका ७
*२.२.१ दस्तावेज अध्ययन (*Documents Study*)* ८
*२.२.२ लक्षित समुह छलफल (*Focus Group Discussion*)* ८
*२.२.३ परीक्षण कार्यशाला (*Audit Workshop*)* ८
**भाग – ३** १३
**लैससास परीक्षणवाट आएका मूख्य प्राप्तिहरु** १३
३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतिकरण १३
३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति १५
३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु १५
३.४ अवसर र चुनौतिहरु ३१
*३.४.१ अवसरहरु* ३१
*३.४.१ चुनौतिहरु* ३२
३.५ लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना ३२
**भाग – ४** ६७
**निष्कर्ष र सूझावहरु** ६७
४.१ निष्कर्ष ६७
४.२ सूझावहरु ६७

# तालिका सूची


तालिका १: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू ९

तालिका २: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका १०

तालिका ३: लैससास परीक्षणका मूख्य तथा सहायक बिषय क्षेत्रहरु १०

तालिका ४: लैससास परीक्षणमा प्राप्त अंकहरुको बिवरण १३

तालिका ५: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु १५

तालिका ६: लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना ३३

## अनुसूचीहरु

| अनुसूची नं | बिषयबस्तु |
| --- | --- |
| अनुसूची - १ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य समुहहरु |
| अनुसूची - २ | लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन बिवरण |
| अनुसूची - ३ | लैससास परीक्षण कार्यशालाका सहभागीहरुको हाजिरी बिवरण |

# भाग – १

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१ पृष्ठभूमि

लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवाल नेपाल लगायत बिश्वका धेरै देशहरुमा रहेको छ । महिला र पुरुष बिचमा रहेको सामाजिक जिम्मेवारी र बिभेद र बिभिन्न जाति, धर्म, बर्ग, बर्ण, भौगोलिकता तथा अन्य आधारहरुमा भएको बिभेद र बहिस्करणहरुलाई निर्मुल गर्नको लागि बिश्वब्यापी रुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभियान बिगतबाटै निरन्तर सञ्चालनमा रहेको छ। नेपालमा पनि सामाजिक मुल्य मान्यताको कारण महिला तथा बिभिन्न जातजाति, समुदाय र फरक क्षमता तथा बिशेषताको आधारमा भएका बिभेदहरु आजसम्म पनि बिद्यमान रहेको छ। समाजमा पुरुष र महिलाको समानता कायम गर्न चुनौति रहेको छ । दलित, आदिबासी, लोपोन्मुख, बालबालिका, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक जस्ता बर्गहरुमा नेपाल सरकारवाट उपलब्ध हुने श्रोत, साधान र सेवा समानरुपमा बितरण गर्ने कार्यमा अपेक्षाकृत प्रगति हुन सकेको छैन। यही समानता र समावेशीताको सवाललाई सम्बोधन गर्नको लागि नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा ल्याएको हो।

नेपालको संबिधान २०७२, मानव अधिकार सम्बन्धि घोषणापत्र, महिला अधिकार सम्बन्धी घोषणापत्र, बालअधिकार र आदिबासी जनजाति सम्बन्धि अन्तर्राष्ट्रिय घोषणापत्रहरु र यी क्षेत्रहरुमा कार्य गर्नको लागि गरिएका बिभिन्न महासन्धीहरु र नेपालका सम्बन्धित ऐन, नियम र अन्य कानुनी ब्यवस्थाहरुलाई आधारको रुपमा लिई उक्त प्रावधानहरुलाई स्थानीय सरकारहरुमा कार्यान्वयनको अवस्थाको मापन गर्ने अभिप्रायले नेपाल सरकार, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) तयार गरी स्थानीय तहहरुमा पारित गरेर कार्यान्वयनको लागि निर्देशन गरेको छ । यस कार्यबिधिको आधारमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP), नदीपुर पोखराले स्थानीय सरकारहरु (गाउँपालिका र नगरपालिका) को लैससास परीक्षण गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। यसै क्रममा यस पुतलीबजार नगरपालिका, पुतलीबजार, स्याङ्जाको लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ पुतलीबजार नगरपालिकामा लैंगिक र सामाजिक संरचना

पुतलीबजार नगरपालिका स्याङजा जिल्लाको सदरमुकाममा रहेको नगरपालिका हो । यस नगरपालिकाको स्थापना बि. सं २०५३ सालमा साबिकको स्याङ्जा पुतलीबजार, करेन्डाँडा, गणेशपुर, सतुपसल र चण्डीकालिका गरि पाँचवाट गाउँ बिकास समिति (गाबिस) मिलाएर भएको हो । नेपाल सरकारको मिति २०७३।११।२९ गतेको निर्णय बमोजिम साबिकका ट्क्सार बहकोट ठुलाडिही कोल्मा पौवेगौडे राङभाङको वडा नं १, ३, ९ र पेल्काचौरको वडा नं १, २, ४, ५, ६, ७ र ८ गाभेर १४ वडा भएको नयाँ पुतलीबजार नगरपालिका बनाइएको हो।

यस नगरपालिकाद्वारा सञ्चालन गरेको घरधुरी सर्वेक्षण २०७५ अनुसार यहाँ ९९५५ घरधुरी र यहाँको जनसंख्या ५६२६२ रहेको छ। यस नगरपालिकामा ४८।६५ प्रतिशत महिला र ५१।३५ प्रतिशत पुरुष रहेको छ। तर केन्द्रीय तथ्याङ्क बिभागको राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको जनसंख्या ४४८७६ जना रहेको छ। यही तथ्यांक अनुसार यसमा महिलाको जनसंख्या ५६.२४ प्रतिशत रहेको देखिन्छ। जातिगत हिसाबले हेर्दा यहाँको जनसंख्यामा ब्राह्मण २६.४० प्रतिशत, क्षेत्री १६.७७ प्रतिशत, गुरुङ १२.४२ प्रतिशत, मगर ११.२७ प्रतिशत, कामी ६.७६ प्रतिशत, दमाई ५.०९ प्रतिशत, ठकुरी ४.५१ प्रतिशत, घर्ती ४.२७ प्रतिशत, नेवार ३.३६ प्रतिशत, सार्की ३.३६ प्रतिशत, मुस्लिम २ प्रतिशत र दशनामी १ प्रतिशत रहेको छ।

यस नगरपालिकामा धार्मिक, जातजातिय, भाषिक र अन्य बिबिधताको साथै महिला, बालबालिका, जेष्ठ नागरिक, अल्पसंख्यक,अपाङ्गता भएका नागरिकहरुको बिबिधता रहेका छन् । बिकासमा यी सबै प्रकारका नागरिकहरुलाई मुलप्रवाहिकरण गर्न, उनीहरुलाई सशक्त तुल्याई बहुआयमिक गरिबीवाट मुक्त गर्न नगरपालिकाको काँदमा चुनौति रहेको छ। यी बिबिधता बिचमा समानता स्थापना गर्नको लागि समतामुलक गतिबिधिहरुको आवश्यकता प्रष्ट रुपमा देखिएको छ।

## १.३ लैससास परीक्षणको महत्व

नेपाली समाजमा लैंगिक बिभेदले महिला, पुरुष र अन्य लिंगको आधारमा सामाजिक बिभेद देखिएको र फरक मूल्य मान्यताहरु ब्याप्त भएको अवस्था छ। यस्तै बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा बिभेदहरु महसुस गरिएको छ। यी बिभेदहरुको बिरुद्धमा नेपाल सरकारले संबिधान तथा बिभिन्न कानुनी ब्यवस्था गरी लागु गरेको छ। कानुन अनुसार यी बिभेदहरु दण्डनीय छन्। तैपनि समुदाय स्तरमा

बिगतको समयमा ब्याप्त भएका यी बिभेदहरुको कसर अझै बाँकी रहेको देखिन्छ। यस कारण नेपाल सरकारले लैंगिक तथा सामाजिक बहिस्करणलाई निर्मूल गर्ने नीति लिएको हो।

सबै स्थानीय सरकारहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामूलक समाजको स्थापना गर्ने कार्यमा यस लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यको महत्वपूर्ण भूमिका रहेको छ। हालको अवस्थामा स्थानीय सरकारहरुमा लैंगिक समता र सामाजिक समावेशीकरण प्रवर्द्धनका कार्यहरु के कति भएका छन् भन्ने कुराको निक्यौंल गर्ने कार्य हो यो। यसवाट स्थानीय सरकारहरुले नीति कानुन र योजना तर्जुमा गर्दा लैंगिक तथा सामाजिक समावेशीकरण सम्बेदनशिलताको प्रयोग र यस दृष्टीकोणको उपयोगको अवस्था कस्तो रहेको छ ? स्थानीय तहहरुको संस्थागत संरचनामा लैससासको अवस्था कस्तो छ ? पालिकाहरुको जनशक्ति नियूक्ती र जनप्रतिनिधिको ब्यवस्थामा लैससासको रणनीतिक अभ्यास कस्तो छ र यसवाट सहभागिता र निर्णय प्रक्रियामा के प्रगति भएको छ ? सेवा प्रवाहको क्रममा लैससासको अवधारणालाई कसरी कार्यान्वयन गरिएको छ ? सेवा प्रवाहमा अझै महिला तथा बिपन्न भएका समुदायका नागरिकहरु अझै बहिस्करणमा परेका छन् ? सुशासनका अभ्यासहरुको अवस्था के छ ? सुशासनमा लैससासको कार्यान्वयन कस्तो छ ? यी कुराहरुको परीक्षण गरिने भएको हुँदा संघीय, प्रदेश र स्थानीय सरकारहरुमा नियमित लैससास परीक्षणको आवश्यकता रहेको छ।

यस लैससास परीक्षणले स्थानीय सरकारहरुमा बिगतका आर्थिक बर्ष र बिगतका समयमा कार्यालयबाट हुने सबैखाले सेवा प्रवाहमा लैससासको अवधारणालाई कार्यान्वयनको अवस्थाको चित्रण गर्दछ। यसवाट उक्त क्षेत्रको सबल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान बिधिवत रुपमा पहिचान हुने भएकोले आगामी दिनहरुमा केकस्ता पहलहरु गर्ने बारेमा योजना तथा कार्यक्रमहरु तयार गर्न सहज हुने गर्दछ। समग्र नेपालमा लैससास मैत्री समाजको निर्माण गर्न सरकारी तौरवाट गरिने पहलहरुमा प्रभावकारीता आउँछ। यसवाट बिभेदकारी नीति तथा कार्यक्रमहरुको अन्त्य गरी सुशासनयुक्त समृद्ध समाजको स्रिजना गर्न टेवा पुग्दछ।

स्थानीय सरकारहरुमा लैससास परीक्षणले स्थानीय नीति, कानुन र योजनाको तहमा लैससास सम्वेदनशिलता समावेश गरेर संस्थागत संरचना, जनशक्ति ब्यवस्था र क्षमता बिकास, सेवा प्रवाह,

सुशासनका क्रियाकलापहरुमा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी दृष्टिकोण कार्यान्वयन गरी हरेक स्थानीय तहमा समतामूलक समाजको स्थापना गर्ने जग निर्माणको अपेक्षा गरिएको छ । यसवाट स्थानीय तहवाटै  दिगो शान्ति तथा समृद्धिको शुरुआत हुने सूनिस्चित छ ।

## १.४ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु

नेपालको संबिधान २०७२ र सम्बन्धित ऐन, नियम, कार्यबिधिहरु र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरु र महासन्धीहरु जस्तै मानव अधिकार सम्बन्धि घोषणापत्र, बेईजिङ घोषणापत्र १९९६,  बालअधिकार सम्बन्धि महासन्धी १९८९, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार  कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजना आदिको कार्यान्यनको बाध्यात्मक ब्यवस्थाहरु रहेका छन् ।

नेपालको संबिधान २०७२ ले नागरिकहरुको आधारभूत अधिकारहरुलाई सूनिस्चित गर्न ब्यवस्था गरेको छ । संबिधानको धारा १८ मा समानताको हकको ब्यवस्था भएको छ जसले प्रत्येक ब्यक्तिलाई समान कानुनी हैसियतको अधिकारको सूनिस्चित गरेको छ । सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणवाट बञ्चित नगरिने तथा सामन्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने ब्यवस्था गरेको छ । सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौंनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण सशक्तिकरण वा बिकासको निम्ति बिशेष ब्यवस्था गर्न सकिने ब्यवस्था गरिएको छ ।

संबिधानको धारा ३८ मा महिलाको हकको ब्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिस्चित गरेकोको छ । प्रत्येक महिला सूरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाएको छ । महिलालाई धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचनलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको

हिंसाजन्य कार्य गर्न पाईने छैन । यी कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउँने अधिकारको ब्यवस्था छ । राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सहभागि हुने अधिकार सूनिस्चित भएको छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हकको ब्यवस्था भएको छ । साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको ब्यवस्था भएको छ ।

साथै नेपालको संबिधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हकको ब्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपांगता भएका र आर्थिक रुपमा बिपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सूनिस्चित गरिएको छ । सम्बिधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको ब्यवस्था गरिएको छ जसमा प्रत्येक ब्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको सूनिस्चित गरिएको छ । साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सूनिस्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धि समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सूरक्षाको हकको ब्यवस्था गरिएको छ । यी धाराहरु बिशेष गरी लैंगिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशिल रहेका छन् ।

यस कारण नेपालको सन्दर्भमा लैंगिक समानता र सामाजिक समावेशीकरण (लैससास) को मुद्दा बहुआयमिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरुमा अनिवार्य पालना गर्नु पर्ने कानुनी ब्यवस्था छ । यसको कार्यान्वयन जनस्तरमा अझै कमजोर रहेको पाईएकोले राष्ट्रिय ऐन नियमहरु तथा अन्तर्राष्टिय महासन्धी र अभ्यासहरुको आधारमा लैससास अभियानमा ब्यापकता ल्याउँने जमर्को भैरहेको छ । यसलाई स्थानीय तहहरुवाटै कार्यान्वयन गर्ने पहल तत्कालिन स्थानीय बिकास मन्त्रालयले लैससास कार्यान्वयन गर्दै आएको थियो । लैंगिक समानता तथा सामाजिक समावेशी नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगवाट सञ्चालन गर्न लैंगिक समानता तथा सामाजिक समावशीकरण नीति २०६६ कार्यान्वयनको लागि तयार भएको स्थानीय निकाय लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट तर्जुमा तथा परीक्षण निर्देशिका २०६८ कार्यान्वयन भएको थियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तब्य र अधिकारमा लैससास सम्बन्धी ब्यवस्था रहेको छ । त्यस्तै वडा समितिको काम, कर्तब्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने बिभिन्न समुदाय बिचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धबिश्वासको अन्त्य गर्ने गराउँने ब्यवस्था गरेको छ । साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको बर्गको सहभागिता गराउँने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको बर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट बिनियोजन र कार्यान्वयनमा जोड दिएको छ ।

## १.३ लैससास परीक्षणका उद्देश्यहरु

गाउँपालिका तथा नगरपालिकाहरुमा लैससास परीक्षणको मुख्य उद्देश्य नै स्थानीय तहहरुमा लैंगिक तथा अन्य सामाजिक मान्यताको आधारमा हुने बिभेदहरुको अन्त्य गरी राज्यले उपलब्ध गराउँने सेवा सुबिधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परिक्षण गरी समतामूलक नीति कार्यक्रम, बजेट लागु गर्ने कार्यमा सुझावहरु उपलब्ध गराउँने हो । यसको बिशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

क) लैससास परीक्षण मार्फत गाउँपालिकाको नीति, कानुन, संस्थागत संरचना, जनशक्ति र क्षमता बिकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समुदायहरुको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने ।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरुमा लैससासको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान गर्ने ।

ग) सुधार गर्नु पर्ने पक्षकहरुको पहिचान पश्चात सोको कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने ।

घ) पालिकाले सम्पादन गर्ने सबै क्रियाकलापहरुमा लैससास सम्बेदनशित कार्यान्वयनलाई संस्थागत गर्दै लैजान आधारहरु प्रस्तुत गर्ने ।

# भाग – २

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका बिधि

## २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

नेपालमा संघीय ब्यवस्था लागू भए पश्चात संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयवाट जारी भएको स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार लैससास परीक्षणमा स्थानीय सरकारको नीति, कानुन र योजना तर्जुमा प्रक्रिया देखि संस्थागत ब्यवस्था, जनशक्ति र सेवा प्रवाह सम्मका पाँचवाट मूल बिषयबस्तुहरु तोकिएको छ । यो कार्यबिधि हरेक गाउँपालिका र नगरपालिकाहरुले स्थानीय स्तरमा आफ्नो अनुकुल हुने गरी केही ब्यवस्थाहरु हेरफेर गरेर पारित गरी लागु गर्न सक्नेछ । केही स्थानीय सरकारहरुले यो कार्यबिधि लागु गरी सकेको अवस्था छ । हालको अवस्थामा यस पालिकामा मूख्यतः  लैससास परीक्षणमा देहायका पाँच मुल बिषयहरु वा क्षेत्रहरु समेटिएका छन्:

क) नीति कानुन र योजना,

ख) संस्थागत ब्यवस्था,

ग) मानव संसाधन र क्षमता बिकास,

घ) सेवा प्रवाह, र

ङ) सुशासन तथा उत्तरदायित्व ।

## २.२ लैससास परीक्षणको बिधि र तरीका

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार स्थानीय सरकारहरुको लैससास परीक्षण हरेक आर्थिक बर्ष नियमित रुपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको तहवाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण बिकासका कार्यक्रमहरु कार्यान्वयन गर्ने अभिप्राय हो । यो परीक्षण कार्य केही सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक बिधिवाट सम्पादन गरिएको छ ।

यस पालिकाको लैससास परीक्षणको लागि ७ सदस्यीय कार्यदल बनाएको थियो। सोही कार्यदलको नेतृत्वमा पालिकाको लैससास परीक्षण सम्पन्न भयो। यस कार्यदल अन्तरगत ५ वटा बिषयगत लैससास परीक्षण कार्य-समुहहरु तयार गरियो। यी कार्य-समुहहरुमा निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीको संलग्नता रहेको थियो। जसमा महिला र पुरुषहरुको सहभागितालाई पनि उपलब्ध भएसम्म समावेशी बनाईएको थियो। उक्त कार्य-समुहहरुको संयोजकत्व निर्वाचित पदाधिकारीहरुले गरेको थियो। ती कार्य-समुहहरु देहायका परीक्षण बिधिहरुको उपयोग गरेको थियो।

### २.२.१ दस्तावेज अध्ययन (Documents Study)

लैससास परीक्षण कार्यदलले पालिकाको दस्तावेजहरु (जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, बार्षिक योजना तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदनहरु, आर्थिक प्रतिवेदनहरु, चौमासिक र बार्षिक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, नगर प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु आदिको संकलन र लैससासको दृष्टिवाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो।

### २.२.२ लक्षित समुह छलफल (Focus Group Discussion)

लैससास परीक्षणको क्रममा पालिकाका महिला समुहका सदस्यहरु, दलित समुदाय, आदिबासी जनजाति समुदाय, र अन्य बन्चितिकरणमा परेका समुदायका प्रतिनिधिहरुसंग लक्षित समुह छलफल गरिएको थियो। यसको लागि लैससास कार्यान्वयन सम्बन्धि प्रश्नावली तयार गरी छलफल गरिएको थियो।

### २.२.३ परीक्षण कार्यशाला (Audit Workshop)

यो गोष्ठी ३ दिनको आयोजना गरिएको थियो। यस कार्यशाला पालिकाका निर्वाचित पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै बिषयगत शाखाका कर्मचारीहरु र सरोकारवालाहरुको सहभागितामा सञ्चालन गरिएको थियो। यसको सहजीकरण परामर्शदाताहरुवाट गरिएको थियो।

***लैससास परीक्षण कार्यशालाका सहभागीहरु***

पालिकाको लैससास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु सहभागी भएका थिए। लैससास परीक्षण कार्यक्रममा जम्मा ३७ जना सहभागीहरु थिए।

**तालिका १: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू**

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | पालिका प्रमुख |
| २ | पालिका उपप्रमुख |
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | पालिका वडा अध्यक्षहरु |
| ५ | कार्यपालिकाका महिला सहित सदस्यहरु |
| ६ | पालिकाका दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | पालिकाका बिषयगत शाखाका प्रमुखहरू, कर्मचारीहरु |
| ८ | पालिकाका सबै महिला र लक्षित बर्गका कर्मचारीहरु |

नोटः लैससास परीक्षणमा भएका सहभागीहरु अनुसूची – ३ मा संलग्न गरिएको छ।

***गोष्ठी संचालन बिधि***

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार पाँचवटा मूल बिषयहरुभित्र बिभिन्न २२ वटा सहायक बिषयहरु समावेश गरिएको छ । यसभित्र १०० वटा कार्यगत उपसूचकहरु तोकिएका छन् । यिनै सूचक तथा उपसूचकहरुको दायरामा रही लैससास परीक्षण गोष्ठी सञ्चालन गरिएको थियो।

गोष्ठीको पहिलो दिन गोष्ठीको उद्घघाटन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा, संबिधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरु, लैससास परीक्षण सम्बन्धी ब्यवस्था आदिमा अभिमूखिकरण गरियो। कार्याशाला गोष्ठीमा पाँचवटा मूल बिषयहरुको आधारमा ५ वटा लैससास बिषयगत परीक्षण कार्य-समुह गठन गरियो । यी लैससास बिषयगत परीक्षण कार्य-समुहहरुले बिषयगतरुपमा सूचक र उपसूचकहरु माथि छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेशण गरी अंक दिने कार्य गरियो। लैससास सुचक तथा उपसुचकहरुमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरू दिईयो।

यसरी दिईएको अंकलाई प्रथम मस्यौदाको रुपमा लिई परीक्षणको दोश्रो दिन परीक्षण कार्य-समुहहरुले पालिकाको सम्बन्धित शाखाहरुमा सम्बन्धित दस्तावेजहरुको अवलोकन वा परीक्षण गरेका थिए। यस क्रममा परामर्शदाताहरुले सबै समुहहरुलाई आवश्यक सहजीकरण र सहयोग गरेका थिए। यस क्रममा

गोष्ठीको सहभागितामूलक परीक्षणवाट दिईएको अंकहरु थपघट भएका थिए। उक्त समुहहरुले आफ्नो बिषय क्षेत्रमा रहेका सवल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरुको पनि खोजी गरेका थिए।

परीक्षण गोष्ठीको तेस्रो दिन सबै सहभागीहरुको उपस्थितिमा परीक्षणको क्रममा प्राप्त भएको अंकहरु माथि परामर्शदाताहरुवाट पूनः छलफल र मूल्यांकन गरिएको थियो। त्यस पश्चात समुहगतरुपमा सबै कार्य समुहहरुले परीक्षण गरेको नतिजाहरु प्रस्तुत गरिएको थियो। यिनै अंकहरुको आधारमा माकुरेजालोको बिधिवाट पालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो। सबल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरु समेत प्रस्तुत गरीएको थियो।

**तालिका २: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका**

| दिन | सत्र | समय | क्रियाकलाप |
|---|---|---|---|
| **प्रथम** | प्रथम | १०.०० – ११.३० | पालिका प्रमुखज्युवाट कार्यक्रम उद्घाटन, परिचय, पालिकावाट छोटो स्वागत मन्तब्य<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा, लैससास परीक्षण र महत्व |
| | दोश्रो | ११.४५ – १.३० | लैससास परीक्षणको बिधि, प्रक्रिया र सूचकहरु सम्बन्धी अभिमूखिकरण र छलफल |
| | तेश्रो | २.०० – ३.३० | पालिका उपप्रमुखज्युद्वारा परीक्षण कार्यक्रमको संयोजकको जिम्मेवारी लिने<br>लैससास परीक्षणको कार्य समुह गठन र कार्य जिम्मेवारी बिभाजन |
| | चौथो | ३.३० – ५.०० | कार्य-समूहको समुहगत छलफल र लैससास सहभागितामूलक परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| **दोश्रो** | प्रथम | १०.०० – ११.३० | पालिका उपप्रमुखज्युको संयोजकत्वमा कार्य-समुहवाट लैससासको दस्तावेज परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| | दोश्रो | ११.४५ – १.३० | पालिका उपप्रमुखज्युको संयोजकत्वमा कार्य-समुहवाट लैससासको दस्तावेज परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| | तेश्रो | २.०० – ३.३० | पालिका उपप्रमुखज्युको संयोजकत्वमा कार्य-समुहवाट लैससासको दस्तावेज परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| | चौथो | ३.३० – ५.०० | कार्य-समुहले परीक्षण गरी बुझाएको नतिजा माथि परामर्शदाताहरुद्वारा पूनः छलफल र मूल्यांकन |
| **तेश्रो** | प्रथम | १०.०० – ११.३० | लैससास परीक्षणको प्रथम मस्यौदा र माकुरेजालो सहभागीहरु बिचमा प्रस्तुतिकरण |
| | दोश्रो | ११.४५ – १.३० | लैससास परीक्षणवाट प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु र अवसर र चुनौतिहरुको बारेमा प्रस्तुतिकरण र छलफल |
| | तेश्रो | २.०० – ३.३० | सुधार गर्नु पर्ने पक्षहरुको पहिचान र कार्ययोजना तर्जुमा |
| | चौथो | ३.३० – ५.०० | कार्ययोजना माथि छलफल र सुधार |

| | | | |
|---|---|---|---|
| | | | पालिका प्रमुखज्युवाट कार्यक्रमको समापन |

नोटः कार्यक्रमका सत्रको लागि तोकिएको समयमा केही लचकता अपनाईएको थियो ।

### *लैससास परीक्षणका बिषयक्षेत्रहरु र अंकभार*

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार कुल परीक्षण अंकभार १०० र तोकिएका ५ मूल बिषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ । जसभित्र २२ वटा सहायक बिषयहरु र अंकभारहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ३: लैससास परीक्षणका मूख्य तथा सहायक बिषय क्षेत्रहरु**

| क्र सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अंकभार |
|---|---|---|
| क | नीति कानुन र योजना | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | जम्मा | २० |
| ख | संस्थागत ब्यवस्था | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २ | कार्यप्रणाली समावेशी | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| ४ | बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| ५ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ |
| | जम्मा | २० |
| ग | मानव संसाधन तथा क्षमता बिकास | |
| १ | मानव संसाधन तथा क्षमता बिकास | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना | ४ |
| ३ | कानुनी साक्षरता | ४ |
| ४ | बिपद ब्यवस्थापनमा समावेशीकरण | ४ |
| | जम्मा | २० |
| घ | सेवा प्रवाह | |
| १ | पूर्वाधार बिकास | ४ |
| २ | प्रजनन स्वास्थ्य | ४ |
| ३ | शिक्षा कार्यक्रम | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन | ४ |
| | जम्मा | २० |
| ङ | सुशासन तथा उत्तरदायित्व | |
| १ | सुशासन | ४ |

| | | |
|---|---|---|
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ |
| ४ | अनुगमन र मूल्यांकन | ४ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | जम्मा | २० |
| | **कुल जम्मा** | **१००** |

माथि उल्लेखित सहायक बिषयहरुमा जम्मा १०० वटा सूचकहरु तोकिएका छन् । हरेक सूचकको पूर्णाङ्क १ हो । यसमा स्थानीय सरकारका तोकिएका सहभागीहरुसंगको संलग्नतामा सम्बन्धित सूचकको प्रमाणहरुको आधारमा अंक प्रदान गरिन्छ । यसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०।५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अंक प्रदान गरिएको छ ।

***सबल, कमजोर, अवसर र चुनौति बिश्लेषण (SWOT Analysis)***

गोष्ठीको अन्तिम दिन परीक्षणको नतिजालाई माकुरेजालोमा प्रस्तुत पश्चात लैससासको बिषयक्षेत्रहरु मध्ये बढी अंक प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरुमा काम भएको प्रष्ट हुन्छ । साथै कम अंक प्राप्त गरेका क्षेत्रहरुमा कमजोर पक्षहरु वा सुधार गर्नु पर्ने क्षेत्रहरु पहिचान हुन्छ । सूचक र उपसूचकहरुको बिश्लेषण गरी सबल र कमजोर पक्षहरु पहिचान गर्ने कार्य भएको छ ।

अवसर र चुनौतिहरुको हकमा परीक्षणका बिषय क्षेत्रहरुको आधारमा पालिकामा भएको अवसरहरु र चुनौतिहरुको बारेमा समुहगत संकलन गरेका तथ्यहरुलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो । यसमा सहभागीहले समेत आवश्यक सूझावहरु पेश गरेका थिए ।

***कार्ययोजना तयारी***

लैससास परीक्षणको क्रममा बिषयगत परीक्षण कार्य समुहले उनीहरुको बिषयक्षेत्रमा रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी पालिकामा भएको हालका अवसर र चुनौतिहरुलाई मध्यनजर गरी आ-आफ्नो बिषय क्षेत्रमा आगामी कार्ययोजना तयार गरेको थिए । उक्त कार्ययोजना माथि गोष्ठीका सबै सहभागीहरुको उपस्थितिमा छलफल र सुधार गरिएको थियो ।

# भाग – ३

# लैससास परीक्षणवाट आएका मूख्य प्राप्तिहरु

## ३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतिकरण

यस पालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र बिभिन्न नीतिगत निर्णयहरु, आवधिक तथा बार्षिक कार्यक्रम र बजेट, कार्यान्वयनका पक्षहरु समेतलाई लैंगिक समानता तथा समाजिक समावेशीकरणको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः

**तालिका ४: लैससास परीक्षणमा प्राप्त अंकहरुको बिवरण**

| क्र सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | नीति कानुन र योजना | | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ६.०० |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६.०० |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५० |
| | जम्मा | २० | १४.५० |
| ख | संस्थागत ब्यवस्था | | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | २.५० |
| २ | कार्यप्रणाली समावेशी | ४ | २.५० |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३.०० |
| ४ | बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता | ४ | ४.०० |
| ५ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | ४.०० |
| | जम्मा | २० | १६.०० |
| ग | मानव संसाधन तथा क्षमता बिकास | | |
| १ | मानव संसाधन तथा क्षमता बिकास | ८ | ७.०० |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना | ४ | ३.५० |
| ३ | कानुनी साक्षरता | ४ | ३.०० |
| ४ | बिपद ब्यवस्थापनमा समावेशीकरण | ४ | ३.५० |
| | जम्मा | २० | १७.०० |
| घ | सेवा प्रवाह | | |

| | | | |
|---|---|---|---|
| १ | पूर्वाधार बिकास | ४ | ४.०० |
| २ | प्रजनन स्वास्थ्य | ४ | ३.०० |
| ३ | शिक्षा कार्यक्रम | ४ | ४.०० |
| ४ | खानेपानी तथा सरसफाई | ४ | ४.०० |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन | ४ | ३.०० |
| | जम्मा | २० | १८.०० |
| ङ | सुशासन तथा उत्तरदायित्व | | |
| १ | सुशासन | ४ | ४.०० |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५० |
| ३ | सूचना तथा सञ्चार | ४ | ४.०० |
| ४ | अनुगमन र मूल्यांकन | ४ | ३.५० |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ३.०० |
| | जम्मा | २० | १८.०० |
| | **कुल जम्मा** | **१००** | ८३.५० |

नोटः यसको बिस्तृत बिबरण अनुसूची – २ मा  हेर्नुहोला।

## ३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति




## ३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु

यस पालिकाको लैससास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरु र जस अन्तरगतका १०० वटा उपसूचकहरुमा आधारित रही परीक्षण गरिएको थियो । पालिकामा लैससास कार्यान्वयनमा भएको पहललाई कार्यहरु र प्रमाणहरुको आधारमा तीन किसिमको अवस्थामा बिभाजन गरिएको छ । राम्रो अवस्था भएमा 'सबल', आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा 'कमजोर' भनी बर्गिकरण गरिएको छ जसवाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक उपसूचकहरुमा नीतिगत र कार्यगत सुधारका कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पालिकाको काँदमा रहेको देखिन्छ । यस पालिकाको लैससास परीक्षणको बिषय क्षेत्रहरुका सूचक तथा उपसूचकहरुको अवस्था र सुधार गर्नु पर्ने पक्षहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु**

| क्र सं | अवस्था | अवस्था | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | | |
| **१.१.१** | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण नभएको।<br>पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी नै पाईएको। | आंशिक | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले पुनरावलोकन गर्ने कार्यटोली गठन गरी क्रियासिल गराउँनु पर्ने। |
| **१.१.२** | नगरपालिकाले नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने  नगरेको। | आंशिक | नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने कार्यलाई गर्नु पर्ने। |
| **१.१.३** | नगरपालिकाको नीति र योजनामा लैससास बिकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी अधिकांश बिषयहरु  समावेश भएको । | सबल | यस कार्यलाई नियमित गर्नु पर्ने। |
| **१.१.४** | स्थानीय सरकारको महिला र पुरुषको समबिकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै नीतिहरु नभएको।<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धी केही ब्यवस्था मात्र गरिएको। | आंशिक | लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति तयार तयार गरी लागु गर्नु पर्ने। |
| **१.१.५** | नगरपालिकाको ऐन नियम तथा कार्यबिधिमा महिला तथा लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न प्रावधान रहेको। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँने। |

| | | | |
|---|---|---|---|
| **१.१.६** | स्थानीय न्यायीक समितिद्वारा स्थानीय स्तरमा महिला तथा लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने गरेको। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँने। |
| **१.१.७** | नगरपालिकामा बिभेद नभएको। महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय नीति नभएको। | आंशिक | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय नीति अझ प्रभावकारी रुपमा लागु गर्ने। |
| **१.१.८** | यस्तो समस्या यस नगरपालिकामा नभएको। | सबल | |
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन** | | |
| **१.२.१** | योजनाहरुमा लैससास कार्यान्वयनका केही नीतिहरु ब्यवस्था गरिएको। तर मापनयोग्य लक्ष्यहरु समावेश नभएको। | आंशिक | बार्षिक र आवधिक योजना तथा कार्यक्रमहरुमा मापनयोग्य लक्ष्यहरु समावेश गरी तयारी र कार्यान्वयन गर्नु पर्ने। |
| **१.२.२** | पालिकाले लैससास बिकासको क्षेत्रमा केही कार्यक्रम तथा बजेट बिनियोजन र कार्यान्वयन भएको। पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निस्चित प्रतिशत बिनियोजनको ब्यवस्था भएको। | आंशिक | नगरपालिकाले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निस्चित प्रतिशत बिनियोजन गर्ने। |
| **१.२.३** | योजना तर्जुमाको क्रममा बस्ती स्तरीय भेलाहरु भएको। वडास्तरको योजना गोष्ठीवाट योजनाहरु नगरपालिकामा संकलन हुने गरेको। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँनु पर्ने। |
| **१.२.४** | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल हुने गरेको। | सबल | यस बिषयमा छुट्टै समिति गठन गरी तथ्यांकको आधारमा छलफल र निर्णयको दस्तवेजीकरण गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| १.२.५ | समग्रमा बिश्लेषण भएको । तथ्यांकको आधारमा छुट्टै बिश्लेषण र प्रतिवेदन तयार नभएको । | आंशिक | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नु पर्ने । |
| १.२.६ | स्थानीय सरकारको कार्यक्रमहरु चाही दिगो बिकास लक्ष्य भित्र पर्ने गरी गरिएको । दिगो बिकास लक्ष्य स्थानीयकरणको कुनै नीतिगत निर्णय र कार्यान्वयन नभएको । | आंशिक | दिगो बिकास लक्ष्य स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन निरन्तरता गर्नु पर्ने । |
| १.२.७ | महिला, बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगेको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| १.२.८ | आ ब २०७७/७८ मा उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित ४० प्रतिशत भन्दा बढी महिला र लक्षित वर्गको सहभागिता भएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको । | सबल | निरन्तरता दिनु पर्ने । |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | |
| १.३.१ | टोल बिकास संस्था गठन गरी बस्तीस्तरीय योजनाको माग सोही संस्थाहरुवाट गर्ने गरिरएको । योजना तर्जुमाको समयमा महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र बिपन्न वर्गका समुह र सञ्जालहरुसंग छलफल हुने गरेको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| १.३.२ | यस क्षेत्रमा केही कार्यक्रमहरु पहिचान, बजेट बिनियोजन, र कार्यान्वयन भएको । लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं परीक्षण | आंशिक | लैससास बजेट परीक्षण बार्षिक रुपमा हरेक आ ब को प्रथम चौमासिकमा गर्ने । लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं कार्यान्वयन गर्ने । |

| | | | |
|---|---|---|---|
| | नभएको । | | |
| **१.३.३** | लैससास परीक्षण र क्षमता बिकास योजना नभएको तर क्षमता बिकास कार्यक्रम भएको । | आंशिक | लैससास परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने । |
| **१.३.४** | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गर्ने नीति भएको ।<br>केही कार्यक्रममा बजेट बिनियोजन गरी सोही आ ब मा कार्यान्वयन भएको । | आंशिक | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गर्ने नीति पारित गरी लागु गर्ने । |
| २ | **संस्थागत ब्यवस्था** | | |
| २.१ | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | |
| **२.१.१** | महिला प्रतिनिधित्व पदाधिकारीमा २५ प्रतिशत र कर्मचारीमा सहभागिता न्युन भएको । | आंशिक | नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत ब्यवस्था गरी लागु गर्नु पर्ने । |
| **२.१.२** | कर्मचारी नियूक्ति गर्दा लैससास सम्बेदनशिलता भएको जानकारी पाईएको तर यस सम्बन्धमा कुनै नीतिगत ब्यवस्था नभएको । | आंशिक | समानुपातिक सहभागिताको लागि स्थानीय स्तरमा लैससास नीतिगत ब्यवस्था लागु गर्नु पर्ने । |
| **२.१.३** | नगरपालिकामा सहयोगको लागि Healp Desk को ब्यवस्था गरिएको । समुदायमा कार्य गर्नको लागि स्थानीय जनप्रतिनिधि र कर्मचारी नियूक्ति गर्दा स्थानीयलाई प्राथमिकता दिने गरिएको । | सबल | महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने नीतिगत ब्यवस्था लागु गर्नु पर्ने । |
| **२.१.४** | नगरपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सबै किसिमका अवसरमा सहभागि गराउँन महिला र बञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको तर पूर्णरुपमा कार्यान्वयन नभैसकेको । | आंशिक | नगरपालिकाले स्थानीय स्तरमा सकारात्मक बिभेद नीति तयारी र कार्यान्वयन गर्ने । |
| २.२ | **कार्यप्रणाली समावेशी** | | |

| | | | |
|---|---|---|---|
| २.२.१ | युवा, महिला, वालवालिका, सामाजिक सुरक्षा तथा समावेशीकरण नीति तयारी र कार्यान्वयन भएको। | सबल | लैससास कार्यान्वयन नीति तयार गरी लागु गर्नु पर्ने। |
| २.२.२ | लैंगिक बिकास डेस्क महिला बालबालिका तथा समाज कल्याण उपशाखाले जिम्मेवारी बहन गरेको। लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र परीचालन नभएको। | आंशिक | लैंगिक बिकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको ब्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित ब्यवस्था गर्नु पर्ने। |
| २.२.३ | नगरपालिकामा महिला हिंसा बिरुद्धका कार्यक्रमहरु भएको। नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छैन। | आंशिक | नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्नु पर्ने। |
| २.२.४ | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन नभएको। वडा तहमा योजन तर्जुमा गर्दा बस्ती भेला भएको। वडामा लक्षित समुदायको सक्रीय सहभागितामा रहेको। | आंशिक | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्नु पर्ने। |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | |
| २.३.१ | नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने ब्यवस्था रहेको। | सबल | निरन्तरता दिनु पर्ने। |
| २.३.२ | समिति उपसमितिहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायका सदस्यहरुले छलफल र निर्णय प्रक्रियामा पूर्ण प्रभाव दिने गरेको। | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने। |

| | | | |
|---|---|---|---|
| २.३.३ | समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी मौखिक सूझावको चलन भएको। | आंशिक | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने ब्यवस्था लागु गर्नु पर्ने। |
| २.३.४ | नीतिगत र कार्यगत सुझाव लिखितरुपमा दिने चलन नभएको कारण उक्त सूझावहरुको कार्यान्वयन सूनिस्चित गर्न आंशिक कार्य भएको। | आंशिक | समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन गर्ने। |
| २.४ | **बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | |
| २.४.१ | नगरपालिकामा लैंगिक हिंसा निवारणको कोष स्थापना र सञ्चालन भएको। महिला बिकास, लैंगिक हिंसा बिरुद्ध, महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापन भएको। | सबल | निरन्तरता दिनु पर्ने। |
| २.४.२ | लक्षित बर्गको सशक्तिकरणको लागि बजेट बिनियोजन भएको पाईएको। | सबल | यस कार्यलाई निरन्तरता दिने। |
| २.४.३ | नगरपालिकामा लैंगिक डेस्क र आवश्यक मानव श्रोत ब्यवस्था महिला बालबालिका तथा समाज कल्याण उपशाखावाट गरिएको। | सबल | यस कार्यलाई निरन्तरता दिने। |
| २.४.४ | नगरपालिकामा समावेशी सूचना प्रणालीको प्रारम्भ भएको। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँने। |
| २.५ | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | |
| २.५.१ | नगर पार्श्वचित्रमा खण्डीकृत सूचना प्रस्तुत भएको तर यसको बार्षिक रुपमा अध्यावधिक भएको। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँनु पर्ने। |

| | | | |
|---|---|---|---|
| **२.५.२** | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्यांक भएको। | सबल | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्यांक र नक्साङकन गरी हरेक आ ब मा अध्यावधिक गर्नु पर्ने। |
| **२.५.३** | नगरपालिकामा आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय बिकास योजना तर्जुमा गर्ने कार्य भएको छ। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँनु पर्ने। |
| **२.५.४** | सामाजिक सूरक्षा लाभग्राही र पञ्जिकरण अध्यावधिक गरेको पाईएको। | सबल | यस कार्यलाई अझ प्रभावकारी बनाउँनु पर्ने। |
| **३.** | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| **३.१** | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| **३.१.१** | लैंगिक तथा समावेशी बिकासको कार्यक्रम तथा बजेट कार्यान्वयन भएको तर कार्यबिधि नभएको। | आंशिक | लैंगिक तथा समावेशी बिकासको कार्यबिधि तयार गर्नु पर्ने।<br>क्षमता विकास कार्ययोजना निर्माण गर्नु पर्ने। |
| **३.१.२** | स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैंगिक समावेशी बिकास र लैंगिक हिंसा सम्बन्धी तालिम लिएको। | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने |
| **३.१.३** | तालिमहरुमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने कार्य आंशिक भएको। | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| **३.१.४** | महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु कार्यान्वयन भएको। | सबल | यस कार्यलाई अझ प्रभावकारी रुपमा गर्ने। |
| **३.१.५** | नगरपालिकामा लैससासको क्षेत्रमा तालिम दिन पुग्दो मानब श्रोत मात्र भएको। | सबल | तालिम प्राप्त मानव संसाधन बढाउँनु पर्ने । |
| **३.१.६** | मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था छैन।<br>मानव संसाधन क्षेत्रको कार्य प्रशासन | आंशिक | मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| | शाखावाट भैरहेको। | | |
| ३.१.७ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम सञ्चालन भएको। | सबल | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रमको लागि पुग्दो बजेट बिनियोजन र कार्यक्रम गर्नु पर्ने। |
| ३.१.८ | बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई अभिमूखिकरण भएको। | सबल | बाँकी पदाधिकारी र कर्मचारीहरुलाई बैईजिङ घोषणापत्र बारेमा अभिमूखिकरण कार्यक्रमहरु राख्नु पर्ने र कार्यान्वियन गर्नु पर्ने। |
| ३.२ | **अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना** | | |
| ३.२.१ | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरुमा बजेट बिनियोजन भई कार्यान्वयन गरेको। | सबल | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरुमा थप बजेट बिनियोजन र कार्यान्वयन गर्नु पर्ने। |
| ३.२.२ | लैंगिक हिंसा रहित नगरपालिका घोषणा नभएको।<br>महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता नीतिगत रुपमा आंशिक लागु भएको। | आंशिक | लैंगिक हिंसा रहित नगरपालिका घोषणाको तयारी प्रारम्भ गर्नु पर्ने।<br>महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता नीतिगत रुपमा लागु गर्नु पर्ने। |
| ३.२.३ | लैगिक हिंसा बिरुद्धको बिभिन्न सचेतनामूलक कार्यक्रमहरु भएको।<br>लैगिक हिंसा बिरुद्धको १६ दिने अभियान सञ्चालन बहस भएको। | सबल | महिला हिंसा निर्मूल गर्ने सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्नु पर्ने। |
| ३.२.४ | बाल बिवाह, बहुबिवाह महिला हिंसा बिरुद्ध बिभिन्न सचेतनामूलक कार्यक्रमहरु गरेको।<br>बाल यौन दुर्व्यवहार बिरुद्ध सचेतना कार्यक्रम<br>लैंगिक हिंसा र सामाजिक कुरीति बिरुद्ध सचेतनामूलक कार्यक्रम आदि। | सबल | सामाजिक कुरीति हटाउँने सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्नु पर्ने। |
| ३.३ | **कानुनी साक्षरता** | | |

| | | | |
|---|---|---|---|
| **३.३.१** | कर्मचारीलाई सेवाकालिन तालिममा सम्बन्धित ऐन नियमहरु सम्बन्धमा तालिम प्रदान गरिएको ।<br>यस बिषयमा पदाधिकारीहरु ८ कार्य दिने तालिम समेत प्रदान गरिएको । | सबल | यस कार्यलाई नियमित गर्नु पर्ने । |
| **३.३.२** | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनीरुपमा समाधान सम्बन्धमा अनौपचारिक छलफल मात्र हुने गरेको । | आंशिक | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनीरुपमा समाधान सम्बन्धमा अभिमूखिकरण गर्नु पर्ने । |
| **३.३.३** | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धि कार्यक्रम भएको । | सबल | महिलाहरुलाई कानुनी शिक्षा सम्बन्धि कार्यक्रमहरु निरन्तर गर्ने । |
| **३.३.४** | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा कार्यक्रममा सहभागी भएका महिलाहरु आंशिक रुपमा लाभान्वित भएका छन । | आंशिक | वडा र बस्ती तहमा महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने । |
| **३.४** | **बिपद ब्यवस्थापनमा समावेशीकरण** | | |
| **३.४.१** | यसको कार्यबिधि बनाउँदा सबै सरोकारवाला पक्षहरुसंग आवश्यकतानुसार सरसल्लाह भएको ।<br>मापदण्ड र रणनीतिमा समय सापेक्ष अध्यावधिक संशोधन र लक्षित वर्गलाइ अलग अलग संरक्षणको प्रावधान नभएको । | आंशिक | कार्यबिधि तयार गर्दा सरोकारवालासंग छलफल गरी पारित गर्ने र कार्यान्वयन गर्ने कार्य गर्नु पर्ने ।<br>मापदण्ड र रणनीतिमा समय सापेक्ष अध्यावधिक संशोधन र लक्षित वर्गलाइ अलग अलग संरक्षणको प्रावधान राख्नु पर्ने । |
| **३.४.२** | बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वितहरुको समग्र रुपमा तथ्यांक संकलन र आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको । | सबल | तथ्यांक संकलन र व्यवस्थापन गर्दा खण्डीकृत तथ्यांक राख्ने र आपतकालिन कार्य सन्चालन गर्ने कार्यलाइ प्रभावकारी बनाइनु पर्ने । |
| **३.४.३** | बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लक्षित बर्गहरुको सहभागितामा निर्णय गर्ने कार्य भएको तर पहिलो प्राथमिकता दिने गरेको । | सबल | यस कार्यमा महिला र लक्षित बर्गहरुलाई पहिलो प्राथमिकताका साथ सहभागिता गराउँने कार्यमा निरन्तरता दिने । |

| | | | |
|---|---|---|---|
| **३.४.४** | बिपद ब्यवस्थापन कोषको स्थापना भएको। <br>कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको। | सबल | कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने ब्यवस्था लागु गर्नु पर्ने। |
| ४. | **सेवा प्रवाह** | | |
| ४.१ | **पूर्वाधार बिकास** | | |
| **४.१.१** | महिला बालबालिका अपांगता भएका व्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी सार्वजनिक शौचालयहरु निर्माण गरिएको। <br>महिला बालबालिका अपांगता भएका व्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी ४ नं वडामा आधारभुत स्वास्थ्य चौकि निर्माण गरिएको। <br>महिला बालबालिका अपांगता भएका व्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी ७ नं वडामा आधारभुत स्वास्थ्य चौकि निर्माण गरिएको। | सबल | भवन तथा अन्य संरचनाहरुमा लैंगिक, बाल र अपांग मैत्री प्रावधान कार्यान्वयन नियमित गर्नु पर्ने। |
| **४.१.२** | नगरपालिकाबाट विनियोजन रकमबाट विद्यालय भवन निर्माण गर्दा महिला अपांगता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको। <br>महिला अपांगता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरि १० नं वडा कार्यलाय भवन निर्माण भइरहेको। | सबल | भवन तथा अन्य संरचनाहरुमा लैंगिक, बाल र अपांग मैत्री प्रावधान कार्यान्वयन नियमित गर्नु पर्ने। |
| **४.१.३** | महिला अपांगता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरि १५३८ बर्गफिट प्लिन्थ क्षेत्रफल भएको निर्माणाधिन १० नं वडा कार्यलाय भवन। | सबल | निजी भवनहरुमा पनि उक्त नियम कार्यान्वयन नियमित गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| ४.१.४ | पु ब नपा उज्यालो सहर अभियान अन्तर्गत प्रमुख सहरी क्षेत्र राजमार्ग तथा वाड केन्द्रहरुमा बति जडान गर्ने कार्यक्रम को नीति लिइएको<br>बैकल्पिक उर्जाको विकास तथा प्रबधन गर्ने नीति लिइएको<br>महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी सुधारिएको चुलो वितरण भएको।<br>पुव न पा बाट बजेट विनियोजन गरि १ नं वाड स्याङ्जा बजार को सार्वजनिक शौचालय मा र मालेबगर सरसफाइ केन्द्र मा बायो ग्यास योजना संचालन भएको। | सबल | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा प्रवर्धन कार्यलाई नियमित गर्नु पर्ने। |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | |
| ४.२.१ | प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु भएको।<br>नगरपालिकाको नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने सम्बन्धी आंशिक ब्यवस्था भएको। | आंशिक | नगरपालिकाको नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने सम्बन्धी नीतिगत ब्यवस्था गर्नु पर्ने। |
| ४.२.२ | सबै सरकारी कार्यालयमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था नभएको।<br>पेल्काचौर, कोल्मा र सातुपसल स्वास्थ्य चौकीमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष स्थापना गरिएको। | आंशिक | नगरपालिकाको सबै कार्यालयहरु र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानको लागि अलग्गै कक्ष र बच्चाको आमालाई उक्त समय दिने ब्यवस्था गर्ने। |
| ४.२.३ | परिवार नियोजनका ५ वटा साधन स्वास्थ्य चौकिहरुमा उपलब्ध गराइएको।<br>९० % भन्दा बढी कभरेज भएको<br>गर्भवती महिलाको लागि क्याल्सीयम र सुत्केरीको लागि पोषण भत्ता व्यवस्था भएको।<br>खोप र पोषण सम्बन्धी कार्यक्रमहरु नियमित भएको। | 1.0 | उक्त कार्यलाई निरन्तरता दिनु पर्ने। |

| | | | |
|---|---|---|---|
| ४.२.४ | नगरपालिकावाट महिला र बिपन्न बर्गको स्वास्थ्य विमाको लागि बजेट विनियोजन भएको । | 1.0 | नगरपालिकावाट महिला र बिपन्न बर्गको स्वास्थ्य बिमामा सहजिकरण र सहयोगका कार्यहरु नियमित रुपमा गर्नु पर्ने । |
| ४.३ | **शिक्षा कार्यक्रम** | | |
| ४.३.१ | नगरपालिकाले आफ्नो क्षेत्र भित्रका बिद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयमा भर्ना गराउँने प्रबन्ध मिलाएको । | सबल | स्थानीय तहले आफ्नो पालिका भित्रका बिद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयमा भर्ना गराउँने कार्य नियमित गराउँनु पर्ने । |
| ४.३.२ | दिवा खाजा, निशुल्क पाठ्यपुस्तक वितरण, पोशाक वितरण, शैक्षिक सामाग्री वितरण कार्य नियमित रुपम भएको । | सबल | यस कार्यलाई निरन्तरता दिने । |
| ४.३.३ | सामुदायिक शिकाइ केन्द्रका ५ वटा केन्द्र मार्फत ७५ जनालाइ कार्यक्रम संचालन गरिएको । | सबल | उक्त कार्यलाई निरन्तरता दिने । |
| ४.३.४ | बिद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किसोरी छात्राको लागि प्याडको ब्यवस्था भएको । बालबालिकालाई यौनशिक्षा कार्यक्रम भएको । | सबल | उक्त कार्यलाई निरन्तरता दिने । |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | |
| ४.४.१ | नगरपालिकामा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भएको । | सबल | यस कार्यलाई निरन्तरता दिने । |
| ४.४.२ | नगरपालिकाका सवै वडामा टोल विकास संस्था गठन भइ साप्तहिक रुपमा सरसफाइ अभियान संचालन हुने गरेको । | सबल | उक्त कार्यलाई निरन्तरता दिने । |
| ४.४.३ | कुहिने नकुहिने फोहोरको वर्गीकरण तालिम पश्चात फोहर राख्ने डस्टविन समेत वितरण गरिएको । | सबल | उक्त कार्यलाई निरन्तरता दिने । |

| | | | |
|---|---|---|---|
| ४.४.४ | पानीको सहज वितरणको लागि आकाश पानीको पोखरी निर्माण लिफ्टीङ खानेपानी योजना तथा एक घर एक धारा कार्यक्रम भएको। | सबल | उक्त कार्यलाई निरन्तरता दिने। |
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन** | | |
| ४.५.१ | हरेक बार्षिक बजेट बिनियोजन गर्दा बेरोजगार र गरीबीको तथ्याङ्कलाई आधार लिई कार्यक्रम गरिएको छ। | सबल | उक्त कार्यलाई निरन्तरता दिने। |
| ४.५.२ | महिला र बिपन्न परिवारका सदस्यहरुको लागि रोजगारमूलक तथा सिपमूलक कार्यक्रमहरु गरेको। | सबल | नगरपालिकाले महिला र बिपन्न बर्गको लागि रोजगारमूलक, सिपमूलक र आयआर्जनका कार्यक्रमहरु नियमित गर्नु पर्ने। |
| ४.५.३ | प्राविधिक तथा सामाजिक परिचालक नियुक्ती भइ तालिम कार्यक्रम संचालन भएको। | सबल | उक्त कार्यलाई निरन्तरता दिने। |
| ४.५.४ | गरीब र बञ्चितिकरणमा परेको समुदायको लागि सुपथ मुल्य सहकारी स्थापना र सञ्चालन को कार्य नभएको। | नभएको | बिपन्न बर्गहरु लाभान्वित हुने गरी सुपथमूल्य सहकारीहरु सञ्चालन गर्नु पर्ने। |
| ५. | **सुशासन तथा उत्तरदायित्व** | | |
| ५.१ | **सुशासन** | | |
| ५.१.१ | कार्यपालिका तथा नगरसभावाट नीति तथा कानुन जारी गरी काम काज गर्ने गरेको। | सबल | उक्त कार्यलाई निरन्तरता दिने। |
| ५.१.२ | नागरिक बढापत्र जारी गरिएको।<br>सेवा प्रवाहमा महिला तथा लक्षित बर्गको सहभागिता सुनिस्चित गरिएको।<br>भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता सम्बन्धि स्थानीय नीति भएको। | सबल | उक्त कार्यलाई निरन्तरता दिने। |
| ५.१.३ | हालसम्म नगरपालिकाले बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वयन गरेको। | सबल | बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वयन नियमित गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| ५.१.४ | अतिरिक्त कार्यक्रम, दिवा खाजा, १०० प्रतिशत विद्यार्थी भर्ना (ईमिस प्रतिवेदन), अपांग विद्यालय र छात्रबृति आदि कार्यक्रमहरु नियमित गरिदै आएको। | सबल | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजन गरी कार्यान्वयनमा निरन्तरता गर्नु पर्ने। |
| ५.२ | **उत्तरदायित्व र जवाफदेहिता** | | |
यस पुतलीबजार नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा नगरपालिकाले जारी गरेका स्थानीय नीति, ऐन, कार्यबिधिहरु तथा अन्य कानुनी ब्यवस्थाहरुको अध्ययन, बार्षिक नीति, कार्यक्रम तथा बजेट किताब र आवधिक बार्षिक प्रगति प्रतिवेदनहरुको अध्ययन गरी सहभागितामूलक बिधिवाट सबै पदाधिकारी तथा कर्मचारीहरुको संलग्नतामा परीक्षण कार्य सम्पन्न गरिएको थियो । यस क्रममा नगरपालिकाले लैससासको क्षेत्रमा महत्वपूर्ण नीतिगत ब्यवस्थाहरु तथा कार्यक्रमहरु कार्यान्वयन गरेको पाईयो । नगरपालिकाले समग्रमा ८३.५ प्रतिशत प्रगति हाँसिल गरेको छ । लैससास बिकासको हकमा नगरपालिकाले धेरै संख्यामा नीति तथा कानुनहरु लागु गरेको पाईएको छ । नीति कानुन तथा योजनाको क्षेत्रमा ७२ प्रतिशत काम भएको पाईएको छ । संस्थागत ब्यवस्थामा ८३ प्रतिशत प्रगति भएको छ । त्यस्तै मानव संसाधन र क्षमता बिकास क्षेत्रमा ८५ प्रतिशत, सुशासन तथा उत्तरदायित्व क्षेत्रमा ९० प्रतिशत र सेवा प्रवाहमा ९० प्रतिशत प्रगति भएको देखिन्छ ।

लैससास परीक्षणका १०० वटा उपसूचकहरुमा राम्रो प्रगति देखिएका उपसूचकहरुलाई निरन्तरता तथा अध्यावधिक गर्दै लैजानु पर्ने, आंशिक र न्यून प्रगति भएका उपसूचकहरुमा नगरपालिकाले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसकारण यस प्रतिवेदनमा मार्गदर्शनको रुपमा कार्ययोजना समेत तयार गरी समावेश गरिएको छ । चालु तथा आगामी आर्थिक बर्षहरुमा लैससास परीक्षणले देखाएका क्षेत्रहरु र सुझावहरुलाई कार्यान्वयन गरी लैससास मैत्री नगरपालिकाको रुपमा बिकास हुने अपेक्षा गरिएको छ ।

## ४.२ सूझावहरु

यस नगरपालिकाको लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा प्राप्त भएका तथ्य र तथ्यांक तथा अभ्यासहरुको आधारमा देहाय अनुसारका सूझावहरु पेश गरिएको छः

क) नगरपालिकाले जारी गरेका लैससास बिकाससंग सम्बन्धित नीति तथा कानुनहरुको अझ प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिएको छ ।

ख) लेससास बहुआयमिक सवाल भएको हुँदा सबै कानुनी दस्तावेजहरुमा लैससास सम्बेदनशिलता र दृष्टिकोण संलग्न गर्नको लागि लैससास कार्यान्वयन समिति या कार्यटोली गठन गर्ने नीतिगत ब्यवस्था गरी सोको कार्यान्वयन गर्ने र सबै कानुनहरुमा लैससास दृष्टिकोण समावेश गर्नु पर्ने आवश्यकता देखिएको छ ।

ग) सबैखाले नीति तथा कानुन तयार हुने क्रममा सोको जारी गर्न अगावै लैससास दृष्टिकोणले उपयूक्त भएनभएको लेखाजोखा गर्ने नीतिगत ब्यवस्था कार्यान्वयन गर्नु पर्ने जरुरी देखिन्छ ।

घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति तयार तयार गरी लागु गर्नु पर्ने देखिन्छ ।

ङ) महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय नीति अझ प्रभावकारी रुपमा लागु गर्ने देखिन्छ ।

च) नगरपालिकाले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निस्चित प्रतिशत बिनियोजन गर्नु पर्ने देखिएको छ ।

छ) दिगो बिकास लक्ष्य स्थानीयकरणको नीतिगत निर्णय  र कार्यान्वयन निरन्तरता गर्नु पर्ने आवश्यकता देखिएको छ ।

ज) लैससास बजेट परीक्षण बार्षिक रुपमा हरेक आ ब को प्रथम चौमासिकमा गर्ने र लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं कार्यान्वयन गर्ने आवश्यकता देखिएको छ ।

झ) समानुपातिक सहभागिताको लागि स्थानीय स्तरमा लैससास नीतिगत ब्यवस्था लागु गर्नु पर्ने र लैंगिक हिंसा रहित नगरपालिका घोषणा गर्नु पर्ने आवश्यकता देखिएको छ ।

ञ) नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्ने आवश्यकता रहेको छ ।

ट) बिपद ब्यवस्थापन नीति कार्यबिधि तथा कार्यान्वयनको क्रममा लक्षित बर्गको संरक्षणको सवाललाई पहिलो प्राथमिकतामा राख्नु पर्ने आवश्यकता देखिएको छ ।

ठ) नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका सदस्यको उपस्थितिको सूनिस्चितता नियमित गर्नु पर्ने आवश्यकता रहेको छ ।

ड) लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल गठन, क्षमता बिकास र क्रियाशिलता बढाउँनु पर्ने अपरिहार्यता देखिएको छ ।

ढ) महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा नियमित रकम बिनियोजन तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री महेश पुरी | संयोजक | उपमेयर | ९८५६०६११६३ |
| २ | श्री उमा बस्याल | सह संयोजक | का पा सदस्य | ९८४६०७२७२३ |
| ३ | श्री बाबुराम जि सि | सदस्य | का पा सदस्य | ९८४६०४३७०८ |
| ४ | श्री याम बहादुर साही | सदस्य | वडा अध्यक्ष, वडा ८ | ९८४६०९६८६४ |
| ५ | श्री टोपली परियार | सदस्य | का पा स | ९८५६२२२८९८ |
| ६ | श्री शान्ति देबी गौतम | सदस्य | वडा सदस्य, वडा नं १ | ९८४६०३२९३६ |
| ७ | श्री ठगी कुमारी खनाल | सदस्य सचिव | अधिकृत | ९८४६०३०३१६ |

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समुहहरु

समुह नं १: नीति, कानुन तथा योजना

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री ख्याम नारायण अधिकारी | संयोजक | वडा अध्यक्ष, वडा नं १३ | ९८५६०५०७९९ |
| २ | श्री उमा बस्याल | सह संयोजक | का पा सदस्य | ९८४६०७२७२३ |
| ३ | श्री शान्ति देबी गौतम | सदस्य | वडा सदस्य, वडा नं १ | ९८४६०३२९३६ |
| ४ | श्री ताराचन्द्र ढकाल | सदस्य | अधिकृत आठौं | ९८५६०५०७६३ |
| ५ | श्री कपिल गिरी | सदस्य | अधिकृत सातौ, सा बि | ९८५६०५०६३२ |

समुह नं २: संस्थागत ब्यवस्था

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री बाबुराम जि सि | संयोजक | का पा सदस्य | ९८४६०४३७०८ |
| २ | श्री भवनी प्रसाद लामिछाने | सह संयोजक | वडा अध्यक्ष, वडा ११ | ९८४६०३९४९३ |
| ३ | श्री दुत प्रसाद गुरुङ | सदस्य | वडा अध्यक्ष, वडा १२ | ९८१६१७१९९७ |
| ४ | श्री भोजराज ढकाल | सदस्य | लेखा अधिकृत | ९८५६०३१२५५ |
| ५ | श्री मनिषा लामिछाने | सदस्य | कृषि अधिकृत | ९८४६५४५१५९ |
| ६ | श्री मुक्त बहादुर गुरुङ | सदस्य | सुचना प्रबिधि अधिकृत | ९८०२८३६५७५ |

समुह नं ३: मानव संसाधन तथा क्षमता बिकास

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री याम बहादुर साही | संयोजक | वडा अध्यक्ष, वडा ८ | ९८४६०९६८६४ |
| २ | श्री दुर्ग बहादुर साही | सह संयोजक | वडा अध्यक्ष, वडा १० | ९८४६१६९२१६ |
| ३ | श्री लिल प्रसाद गुरुङ | सदस्य | वडा अध्यक्ष, वडा ९ | ९८४६११८५०६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री सिद्धिमान कुमाल | सदस्य | का प स | ९८४६०५२०६२ |
| ५ | श्री धन प्रसाद कोईराला | सदस्य | बरिष्ठ अधिकृत | ९८४६०३०४७३ |
| ६ | श्री ठगी कुमारी खनाल | सदस्य | अधिकृत | ९८४६०३०३१६ |
| ७ | श्री यम नारायण पराजुली | सदस्य | अधिकृत | ९८४६०७३५१४ |

समुह नं ४: सेवा प्रवाह

| **क्र सं** | **नाम थर** | **जिम्मेवारी** | **पद** | **सम्पर्क नं** |
|---|---|---|---|---|
| १ | श्री अमृत प्रसाद श्रेष्ठ | संयोजक | वडा अध्यक्ष, वडा | ९८५६०३२१९३ |
| २ | श्री तिलक राम श्रेष्ठ | सह संयोजक | वडा अध्यक्ष, वडा २ | ९८५६०५००३६ |
| ३ | श्री बाबुराम बराल | सदस्य | शिक्षा शाखा प्रमुख | ९८४१४७३६५५ |
| ४ | श्री गोबिन्द दोरंग | सदस्य | पूर्वाधार शाखा प्रमुख | ९८५६०२८३६० |
| ५ | श्री बिष्णु प्रसाद काफ्ले | सदस्य | स्वास्थ्य शाखा प्रमुख | ९८५६०५३६४४ |
| ६ | श्री लक्ष्मी शर्मा | सदस्य | रोजगार संयोजक | ९८५६००५०७० |

समुह नं ५: सुशासन तथा उत्तरदायित्व

| **क्र सं** | **नाम थर** | **जिम्मेवारी** | **पद** | **सम्पर्क नं** |
|---|---|---|---|---|
| १ | श्री ओम बहादुर खड्का | संयोजक | का पा सदस्य | ९८४६०४२९९९ |
| २ | श्री तिल कुमार रेग्मी | सह संयोजक | का पा स | ९८५६०५२८२६ |
| ३ | श्री टोपली परियार | सदस्य | का पा स | ९८५६२२२८९८ |
| ४ | श्री गोबिन्दराज सुबेदी | सदस्य | म बि नि | ९८४६८५२३९२ |
| ५ | श्री सृजना लामिछाने | सदस्य | आ ले प शाखा प्रमुख | ९८५६०५२८७८ |
| ६ | श्री ढाकाराम मरासिनी | सदस्य | सहायक पाँचौ | ९८५६०७०९११ |
| ७ | श्री शोभा बस्याल | सदस्य | सहायक पाँचौ | ९८४७२५११४९ |

अनुसूची – २

# पुतलीबजार नगरपालिका
## पुतलीबजार, स्याङजा

लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन बिवरण

परीक्षण अंकः राम्रो - १, ठिकै - ०.५ र नभएको – ०

| क्र सं | सूचक तथा उपसूचकहरु | अंकभार | अवस्था | प्राप्ताङ्क |
|---|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | | | |
| **१.१.१** | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको | १ | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण नभएको । पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी नै पाईएको । | ०.५ |
| **१.१.२** | स्थानीय सरकारले आफ्नो नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको | १ | नगरपालिकाले आफ्नो नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने नगरेको। | ०.५ |
| **१.१.३** | स्थानीय सरकारको नीति र योजनामा लैससास बिकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु समावेश भएको/नभएको। | १ | नगरपालिकाको नीति र योजनामा लैससास बिकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु आंशिक रुपमा समावेश भएको । | १ |

| | | | | |
|---|---|---|---|---|
| **१.१.४** | स्थानीय सरकारको महिला र पुरुषको समबिकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै नीतिहरु छन/छैनन (स्थानीय ऐन, कानुन, कार्यबिधि र निर्देशिकामा खास ब्यवस्था गरिएको वा नगरिएको)। | १ | सो सम्बन्धी अलग्गै नीति नभएको।<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धी केही ब्यवस्था मात्र गरिएको। | ०.५ |
| **१.१.५** | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यबिधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान ब्यवस्था गरिएको छ/छैन। | १ | नगरपालिकाको ऐन नियम तथा कार्यबिधिमा महिला तथा लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न प्रावधान रहेको। | १ |
| **१.१.६** | संघीय कानुनले ब्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको। | १ | स्थानीय न्यायीक समितिद्वारा स्थानीय स्तरमा महिला तथा लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने गरेको। | १ |
| **१.१.७** | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान रहेको/नरहेको (समुदायको प्रचलन बिभेदकारी भएको/नभएको।) | १ | नगरपालिकामा बिभेद नभएको।<br>महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय नीति नभएको। | ०.५ |
| **१.१.८** | स्थानीय तहको नीतिमा रेथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने बिभेद रोक्ने प्रावधान रहेको/नरहेको। | १ | यस्तो समस्या यस नगरपालिकामा नभएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ८ | | ६ |
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| **१.२.१** | आवधिक योजना र बार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको | १ | योजनाहरुमा लैससास बिकासका कार्यक्रमहरु रहेको।<br>तर मापनयोग्य लक्ष्यहरु समावेश नभएको। | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | छ/छैन ? | | | |
| **१.२.२** | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूजीगत बजेटको निश्चित प्रतिशत छुट्याउँने गरेको/नगरेको ? | १ | लैससास बिकासको क्षेत्रमा केही कार्यक्रम तथा बजेट बिनियोजन र कार्यान्वयन भएको । उक्त समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निस्चित प्रतिशत बिनियोजनको ब्यवस्था भएको । | ०.५ |
| **१.२.३** | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकिकरणमा पर्ने गरेको/नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरुलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।) | १ | योजना तर्जुमाको क्रममा बस्ती स्तरीय भेलाहरु भएको । वडास्तरको योजना गोष्ठीवाट योजनाहरु नगरपालिकामा संकलन हुने गरेको । | १ |
| **१.२.४** | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल भए/नभएको ? | १ | यस बिषयमा छलफल भएको । यसको छुट्टै छलफल गर्ने कार्य भएको । | १ |
| **१.२.५** | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | १ | समग्रमा बिश्लेषण भएको । तथ्यांकको आधारमा छुट्टै बिश्लेषण र प्रतिवेदन तयार नभएको । | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| **१.२.६** | स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजना हुने गरेको/नगरेको ? | १ | स्थानीय सरकारको कार्यक्रमहरु चाही दिगो बिकास लक्ष्य भित्र पर्ने गरी गरिएको । दिगो बिकास लक्ष्य स्थानीयकरणको कुनै नीतिगत निर्णय र कार्यान्वयन नभएको । | ०.५ |
| **१.२.७** | स्थानीय तहको योजना महिला, बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | १ | महिला, बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगेको । | १ |
| **१.२.८** | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | १ | आ ब २०७७/७८ मा उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि ४० प्रतिशत भन्दा बढी महिलाको सहभागिता भएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ८ | | ६ |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | |
| **१.३.१** | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र बिपन्न वर्गका समुहहरुसंग बसेर समस्या केलाउँने (बिश्लेषण) गर्ने गरिएको/नगरिएको ? | १ | टोल बिकास संस्था मार्फत गरिएको । | १ |
| **१.३.२** | स्थानीय सरकारका क्षमता बिकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं परीक्षण नियमितरुपमा गर्न बजेटको ब्यवस्था गरिएको/नगरिएको ? | १ | यस क्षेत्रमा केही कार्यक्रमहरु पहिचान, बजेट बिनियोजन, र कार्यान्वयन भएको । लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं परीक्षण नभएको । | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| **१.३.३** | परीक्षण पश्चात लैंगिक तथा समावेशी बिषयमा सुधार गर्न क्षमता बिकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समाबेश गरिएको/नगरिएको ? | १ | लैससास परीक्षण र क्षमता बिकास योजना नभएको तर क्षमता बिकास कार्यक्रम भएको। | ०.५ |
| **१.३.४** | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बिच भिडान) | १ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गर्ने नीति भएको। केही कार्यक्रममा बजेट बिनियोजन गरी सोही आ ब मा कार्यान्वयन भएको। | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | २.५ |
| | **मूल बिषयगत जम्मा** | २० | | १४.५ |
| **२** | **संस्थागत ब्यवस्था** | | | |
| **२.१** | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | |
| **२.१.१** | स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ / छैन ? | १ | महिला प्रतिनिधित्व पदाधिकारीमा २५ प्रतिशत र कर्मचारीमा सहभागिता न्युन भएको। | ०.५ |
| **२.१.२** | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/छैन ? | १ | कर्मचारी नियूक्ति गर्दा लैससास सम्बेदनशिलता भएको जानकारी पाईएको तर यस सम्बन्धमा कुनै नीतिगत ब्यवस्था नभएको। | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| २.१.३ | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | १ | नगरपालिकामा सहयोगको लागि Healp Desk को ब्यवस्था गरिएको ।<br>समुदायमा कार्य गर्नको लागि स्थानीय जनप्रतिनिधि र कर्मचारी नियूक्ति गर्दा स्थानीयलाई प्राथमिकता दिने गरिएको । | ०.५ |
| २.१.४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र बञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको/नलिएको ? | १ | नगरपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सबै किसिमका अवसरमा सहभागि गराउँन महिला र बञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको तर पूर्णरुपमा कार्यान्वयन नभैसकेको । | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | २.५ |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | |
| २.२.१ | महिला र पुरुष बिचको असमानता हटाउँन तथा सामाजिक समावेशीकरण बढाउँनको लागि स्थानीय तहको निस्चित कार्यनीति छ/छैन ? | १ | युवा, महिला, वालवालिका, सामाजिक सुरक्षा तथा समावेशीकरण नीति तयारी र कार्यान्वयन भएको । | १ |
| २.२.२ | स्थानीय सरकारमा लैंगिक बिकास हेर्ने ईकाईको ब्यवस्था छ/छैन ? (लैंगिक बिकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको ब्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | १ | लैंगिक बिकास डेस्क महिला बालबालिका तथा समाज कल्याण उपशाखाले जिम्मेवारी बहन गरेको ।<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र परीचालन नभएको । | ०.५ |
| २.२.३ | स्थानीय सरकारवाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्ब्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन ? | १ | नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छैन । | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैससास कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको/नगरेको ? | १ | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन नभएको ।<br>वडा तहमा योजन तर्जुमा गर्दा बस्ती भेला भएको ।<br>वडामा लक्षित समुदायको सक्रीय सहभागितामा रहेको । | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | २.५ |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | |
| २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने ब्यवस्था रहेको/नरहेको ? | १ | नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने ब्यवस्था रहेको । | १ |
| २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायका छलफल र निर्णय निर्माणमा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको ? | १ | समिति उपसमितिहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायका सदस्यहरुले छलफल र निर्णय प्रक्रियामा पूर्ण प्रभाव दिने गरेको । | १ |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ? | १ | समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी मौखिक सूझावको चलन भएको । | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| **२.३.४** | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको/नगरेको ? | १ | नीतिगत र कार्यगत सुझाव लिखितरुपमा दिने चलन नभएको कारण उक्त सूझावहरुको कार्यान्वयन सूनिस्चित गर्न आंशिक कार्य भएको। | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३ |
| **२.४** | **बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | | |
| **२.४.१** | स्थानीय तहमा महिला बिकास, लैंगिक हिंसा बिरुद्ध, महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको/नगरिएको ? | १ | नगरपालिकामा लैंगिक हिंसा निवारणको कोष स्थापना र सञ्चालन भएको। | १ |
| **२.४.२** | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको बिकास र सशक्तिकरणको लागि बजेटको ब्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | १ | लक्षित बर्गको सशक्तिकरणको लागि बजेट बिनियोजन भएको पाईएको। | १ |
| **२.४.३** | के स्थानीय सरकारमा लैंगिक डेस्कको बिकासको र आवश्यक मानवीय श्रोतहरुको लागि बजेटको ब्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | १ | नगरपालिकामा लैंगिक डेस्क र आवश्यक मानव श्रोत ब्यवस्था महिला बालबालिका तथा समाज कल्याण उपशाखावाट गरिएको। | १ |
| **२.४.४** | स्थानीय सरकारले समावेशी सूचना प्रणाली ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको ? | १ | नगरपालिकामा समावेशी सूचना प्रणालीको प्रारम्भ भएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ४ |

| | | | | |
|---|---|---|---|---|
| **२.५** | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | | |
| **२.५.१** | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्यांक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाईल | १ | नगर पार्श्वचित्रमा खण्डीकृत सूचना प्रस्तुत भएको तर यसको बार्षिक रुपमा अध्यावधिक भएको । | १ |
| **२.५.२** | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना वा तथ्यांक संकलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको/नगरेको (गाउँ/नगर प्रोफाईल) | १ | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्यांक भएको । | १ |
| **२.५.३** | के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय बिकास योजना तर्जुमा गर्ने गरेको छ ? | १ | नगरपालिकामा आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय बिकास योजना तर्जुमा गर्ने कार्य भएको छ । | १ |
| **२.५.४** | स्थानीय सरकारले आफ्नो क्षेत्रको सामाजिक सूरक्षा पाउँनेहरु र पञ्जिकरणको अभिलेख ब्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने गरेको/नगरेको ? | १ | सामाजिक सूरक्षा लाभग्राही र पञ्जिकरण अध्यावधिक गरेको पाईएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ४ |
| | **मूल बिषयगत जम्मा** | २० | | १६ |
| **३.** | **मानव संसाधन तथा क्षमता बिकास** | | | |
| **३.१** | **मानव संसाधन तथा क्षमता बिकास** | | | |

| | | | | |
|---|---|---|---|---|
| **३.१.१** | लैंगिक तथा समावेशी बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट बिनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यबिधि स्वीकृत भई कार्यान्वयनमा आएको/नआएको ? | १ | लैंगिक तथा समावेशी बिकासको कार्यक्रम तथा बजेट कार्यान्वयन भएको तर कार्यबिधि नभएको । | ०.५ |
| **३.१.२** | स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैंगिक तथा समावेशी बिकास, लैंगिक हिंसा सम्बन्धी तालिम लिएका छन् वा छैनन् र तालिम कार्यक्रममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको/नगरिएको ? | १ | स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैंगिक समावेशी बिकास र लैंगिक हिंसा सम्बन्धी तालिम लिएको । | १ |
| **३.१.३** | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | १ | तालिमहरुमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने कार्य आंशिक भएको । | १ |
| **३.१.४** | महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) छन्/ छैनन् ? सो अनुसारको बजेट बिनियोजन गरिएको छ/छैन ? | १ | महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु कार्यान्वयन भएको । | १ |

| | | | | |
|---|---|---|---|---|
| **३.१.५** | के स्थानीय सरकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (बिषयगत तालिम प्राप्त जनशक्ति संख्या) | १ | नगरपालिकामा लैससासको क्षेत्रमा तालिम दिन पुग्दो मानब श्रोत मात्र भएको । | १ |
| **३.१.६** | के स्थानीय सरकारमा मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था छ ? | १ | मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था छैन । मानव संसाधन क्षेत्रको कार्य प्रशासन शाखावाट भैरहेको । | ०.५ |
| **३.१.७** | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको ? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | १ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रमभएको । | १ |
| **३.१.८** | महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमूखिकरण गरिएको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई अभिमूखिकरण भएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ८ | | ७ |
| **३.२** | **अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना** | | | |
| **३.२.१** | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरुमा बजेट बिनियोजन भई कार्यान्वयन गरेको । | १ |

| | | | | |
|---|---|---|---|---|
| **३.२.२** | लैंगिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता अपनाएको छ ? (घटेको घट्ना संख्या र लिईएको निर्णय) | १ | लैंगिक हिंसा रहित नगरपालिका घोषणा नभएको । महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता नीतिगत रुपमा आंशिक लागु भएको । | ०.५ |
| **३.२.३** | स्थानीय सरकारले महिला बिरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चानल गर्ने गरेको छ ? (कार्यक्रम संख्या उपस्थिति तथा निर्णय पुस्तिका) | १ | लैगिक हिंसा बिरुद्धको बिभिन्न सचेतनामूलक कार्यक्रमहरु भएको । लैगिक हिंसा बिरुद्धको १६ दिने अभियान सञ्चालन बहस भएको । | १ |
| **३.२.४** | के स्थानीय सरकारले समाजमा रहेका बिभिन्न कुसँस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउँन कार्यक्रमहरु सञ्चालन गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | बाल बिवाह, बहुबिवाह महिला हिंसा बिरुद्ध बिभिन्न सचेतनामूलक कार्यक्रमहरु गरेको । बाल यौन दुर्व्यवहार बिरुद्ध सचेतना कार्यक्रम लैंगिक हिंसा र सामाजिक कुरीति बिरुद्ध सचेतनामूलक कार्यक्रम आदि । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३.५ |
| **३.३** | **कानुनी साक्षरता** | | | |
| **३.३.१** | स्थानीय तहका महिला तथा समावेशी समुहवाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु बिषयगत कानुनहरु पालिकाले जारी गरेको कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमूखिकरण गर्ने गरेको/नगरेको | १ | कर्मचारीलाई सेवाकालिन तालिममा उक्त बिषयहरुमा तालिम प्रदान गरिएको । पदाधिकारीहरु ८ कार्य दिने तालिम समेत प्रदान गरिएको । | १ |

| | | | | |
|---|---|---|---|---|
| | ? | | | |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरु सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयबस्तुका सम्बन्धमा समय समयमा अभिमूखिकरण गर्ने गरेको/नगरेको ? | १ | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनीरुपमा समाधान सम्बन्धमा अनौपचारिक छलफल मात्र हुने गरेको। | ०.५ |
| ३.३.३ | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन् ? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण) | १ | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धि कार्यक्रम भएको। | १ |

| | | | | |
|---|---|---|---|---|
| ३.३.४ | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनवाट के उनीहरु लाभान्वित भएका छन् ? (जस्तै कानुनी हक अधिकार  एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर) | १ | कार्यक्रममा सहभागी भएका महिलाहरु आंशिक रुपमा लाभान्वित भएका छन। | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३ |
| ३.४ | **बिपद ब्यवस्थापनमा समावेशीकरण** | | | |
| ३.४.१ | स्थानीय सरकारले बिपद ब्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति कार्यनीति सहितको कार्यबिधि स्वीकृत गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको ? | १ | यसको कार्यबिधि बनाउँदा सबै सरोकारवाला पक्षहरुसंग आवश्यकतानुसार सरसल्लाह भएको।<br>मापदण्ड र रणनीतिमा समय सापेक्ष अध्यावधिक संशोधन र लक्षित वर्गलाइ अलग अलग संरक्षणको प्रावधान नभएको । | ०.५ |
| ३.४.२ | स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको/नगरेको ? | १ | बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वितहरुको समग्र रुपमा तथ्यांक संकलन र आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको। | १ |

| | | | | |
|---|---|---|---|---|
| **३.४.३** | समुदायमा आधारीत बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गरेको/नगरेको ? | १ | बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लक्षित बर्गहरुको सहभागितामा निर्णय गर्ने कार्य भएको तर पहिलो प्राथमिकता दिने गरेको । | १ |
| **३.४.४** | बिपद ब्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको ? | १ | बिपद ब्यवस्थापन कोषको स्थापना भएको ।<br>कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३.५ |
| | **मूल बिषयगत जम्मा** | २० | | १७ |
| **४.** | **सेवा प्रवाह** | | | |
| **४.१** | **पूर्वाधार बिकास** | | | |
| **४.१.१** | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपांगता भएका ब्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधान सहित हुने गरेको/नगरेको ? | १ | महिला बालबालिका अपांगता भएका व्यत्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी सार्वजनिक शौचालयहरु निर्माण गरिएको ।<br>महिला बालबालिका अपांगता भएका व्यत्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी ४ नं वडामा आधारभुत स्वास्थ्य चौकि निर्माण गरिएको ।<br>महिला बालबालिका अपांगता भएका व्यत्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी ७ नं वडामा आधारभुत स्वास्थ्य चौकि निर्माण गरिएको । | १ |

| | | | | |
|---|---|---|---|---|
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपांगता भएका ब्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणवाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ? | १ | नगरपालिकाबाट विनियोजन रकमबाट विद्यालय भवन निर्माण गर्दा महिला अपांगता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको। महिला अपांगता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरि १० नं वडा कार्यलाय भवन निर्माण भइरहेको। | १ |
| ४.१.३ | स्थानीय तहले १५०० बर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपांगता भएका ब्यक्ती तथा बालमैत्रीयुक्त दृष्टीकोणवाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन ? | १ | महिला अपांगता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरि १५३८ बर्गफिट प्लिन्थ क्षेत्रफल भएको निर्माणाधिन १० नं वडा कार्यलाय भवन। | १ |
| ४.१.४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, बिभिन्न बैकल्पिक उर्जा स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे/नरहेको ? | १ | पु ब नपा उज्यालो सहर अभियान अन्तर्गत प्रमुख सहरी क्षेत्र राजमार्ग तथा वाड केन्द्रहरुमा बति जडान गर्ने कार्यक्रम को नीति लिइएको बैकल्पिक उर्जाको विकास तथा प्रबधन गर्ने नीति लिइएको महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी सुधारिएको चुलो वितरण भएको। पुव न पा बाट बजेट विनियोजन गरि १ नं वाड स्याङ्जा बजार को सार्वजनिक शौचालय मा र मालेबगर सरसफाइ केन्द्र मा बायो ग्यास योजना संचालन भएको। | १ |
| | | ४ | | ४ |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको/नभएको ? | १ | प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु भएको । नगरपालिकाको नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने सम्बन्धी आंशिक ब्यवस्था भएको । | ०.५ |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था र सोको ब्यवस्थापन गरिएको छ/छैन ? | १ | सबै सरकारी कार्यालयमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था नभएको । पेल्काचौर, कोल्मा र सातुपसल स्वास्थ्य चौकीमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष स्थापना गरिएको । | ०.५ |
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् ? | १ | परिवार नियोजन का ५ वटा साधन स्वास्थ्य चौकिहरुमा उपलब्ध गराइएको । ९० % भन्दा बढी कभरेज भएको गर्भवती महिलाको लागि क्याल्सीयम र सुत्केरीको लागि पोषण भत्ता व्यवस्था भएको । खोप र पोषण सम्बन्धी कार्यक्रमहरु नियमित भएको । | १ |
| ४.२.४ | महिला, गरीब, निमूखा र बञ्चितिकरणमा परेका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | १ | नगरपालिकावाट महिला र बिपन्न बर्गको स्वास्थ्य विमाको लागि बजेट विनियोजन भएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३ |
| ४.३ | **शिक्षा कार्यक्रम** | | | |
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिका भित्रका बिद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयमा भर्ना गराउँने प्रबन्ध मिलाए/नमिलाएको ? | १ | नगरपालिकाले आफ्नो क्षेत्र भित्रका बिद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयमा भर्ना गराउँने प्रबन्ध मिलाएको । | १ |

| | | | | |
|---|---|---|---|---|
| **४.३.२** | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा बञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउँन छात्रबृत्तिको ब्यवस्था गरी निश्पक्ष बितरण हुने प्रवन्ध मिलाए/नमिलाएको ? | १ | दिवा खाजा, निशुल्क पाठ्यपुस्तक वितरण, पोशाक वितरण, शैक्षिक सामाग्री वितरण कार्य नियमित रुपम भएको । | १ |
| **४.३.३** | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन भए नभएको ? (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किसोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि) (कार्यक्रम संख्या पटक तथा सहभागी संख्या) | १ | सामुदायिक शिकाइ केन्द्रका ५ वटा केन्द्र मार्फत ७५ जनालाइ कार्यक्रम संचालन गरिएको । | १ |
| **४.३.४** | बिद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको ? | १ | बिद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किसोरी छात्राको लागि प्याडको ब्यवस्था भएको ।<br>बालबालिकालाई यौनशिक्षा कार्यक्रम भएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ४ |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | | |
| **४.४.१** | गाउँपालिका/नगरपालिकामा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भए/ नभएको ? | १ | नगरपालिकामा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भएको । | १ |

| | | | | |
|---|---|---|---|---|
| **४.४.२** | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | १ | नगरपालिकाका सवै वडामा टोल विकास संस्था गठन भइ साप्तहिक रुपमा सरसफाइ अभियान संचालन हुने गरेको। | १ |
| **४.४.३** | कुहिने नकुहिने घरायासी फोहर छुट्याउँने ब्यवस्था, फोहर संकलन तथा बिसर्जन, घरघरमा भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलवारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन हुने गरे नगरेको ? | १ | कुहिने नकुहिने फोहोरको वर्गीकरण तालिम पश्चात फोहर राख्ने डस्टविन  समेत वितरण गरिएको। | १ |
| **४.४.४** | महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज ब्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, पराम्परागत ईनार र कुवाको पूनर्जिवीकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/ नगरेको ? | १ | पानीको  सहज वितरणको लागि आकाश पानीको पोखरी निर्माण लिफ्टीङ खानेपानी योजना तथा एक घर एक धारा कार्यक्रम भएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ४ |
| **४.५** | **स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.५.१ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्सांकनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | १ | हरेक बार्षिक बजेट बिनियोजन गर्दा बेरोजगार र गरीबीको तथ्याङ्कलाई आधार लिई कार्यक्रम गरिएको छ। | १ |
| ४.५.२ | स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेका समुदायको क्षमता बिकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे नगरेको ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | महिला र बिपन्न परिवारका सदस्यहरुको लागि रोजगारमूलक तथा सिपमूलक कार्यक्रमहरु गरेको। | १ |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सूचकांक) ? | १ | प्राविधिक तथा सामाजिक परिचालक नियुक्ती भइ तालिम कार्यक्रम संचालन भएको। | १ |
| ४.५.४ | गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको ब्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ? | १ | नभएको। | ० |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३ |
| | **मूल बिषयगत जम्मा** | २० | | १८ |
| **५.** | **सुशासन तथा उत्तरदायित्व** | | | |
| **५.१** | **सुशासन** | | | |

| | | | | |
|---|---|---|---|---|
| **५.१.१** | स्थानीय तहले स्थानीय सेवा प्रवाह, बिकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यापालिका तथा सभावाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीवाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ? | १ | कार्यपालिका तथा नगरसभावाट नीति तथा कानुन जारी गरी काम काज गर्ने गरेको। | १ |
| **५.१.२** | स्थानीय तहले बिधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निशपक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको/नल्याएको ? | १ | नागरिक बढापत्र जारी गरिएको। सेवा प्रवाहमा महिला तथा लक्षित बर्गको सहभागिता सुनिस्चित गरिएको। भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता सम्बन्धि स्थानीय नीति भएको। | १ |
| **५.१.३** | महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | १ | हालसम्म नगरपालिकाले बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु आंशिक कार्यान्वयन गरेको। | १ |
| **५.१.४** | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | १ | अतिरिक्त कार्यक्रम, दिवा खाजा, १००% विद्यार्थी भर्ना (ईमिस प्रतिवेदन), अपांग विद्यालय र छात्रबृति आदि कार्यक्रमहरु नियमित गरिदै आएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ४ |
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता** | | | |
| **५.२.१** | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/ नगरेको ? | १ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने नगरेको। | १ |

| | | | | |
|---|---|---|---|---|
| **५.२.२** | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ? | १ | यी कार्यक्रमहरुमा महिला तथा बञ्चितिकरणमा परेका बर्गको उपस्थिति रहेको। | ०.५ |
| **५.२.३** | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट स्थानीय सरकारले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका बिषयमा आवाज उठ्ने गरे/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारवाट सम्वोधन हुने गरे/नगरेको ? | १ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरणको क्रममा प्राप्त भएका सुझावहरु स्थानीय सरकारवाट सम्बोधन भएको। | १ |
| **५.२.४** | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको ? | १ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको।<br>कर्मचारीको आचारसंहिता लागु गरेको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३.५ |
| **५.३** | **सूचना तथा सञ्चार** | | | |

| | | | | |
|---|---|---|---|---|
| ५.३.१ | स्थानीय सरकारले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाह पाउने गरी सार्वजनिक गरे/नगरेको ? | १ | सबै लक्षित बर्गले थाह पाउँने गरी सार्वजनिक गर्ने गरेको। | १ |
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ? | १ | यस कार्यक्रममा बजेट बिनियोजन भएको।<br>स्थानीय जातजातिले बुझ्ने भाषामा प्रशारण गरिएको। | १ |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ ? | १ | लैंगिक हिंसा बिरुद्धको अभियान र समावेशीता जस्ता बिषयमा सूचना प्रवाह भएको। | १ |
| ५.३.४ | के स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपांगता भएको ब्यक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतना बृद्धि भएको छ ? (आधार तथ्यांकसंग समेत तुलना गर्न सकिने) | १ | लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमवाट यी वर्गहरुको जनचेतना बृद्धि भएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ४ |
| ५.४ | **अनुगमन र मूल्यांकन** | | | |

| | | | | |
|---|---|---|---|---|
| **५.४.१** | के कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ ? | १ | कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको । | १ |
| **५.४.२** | के स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लैंगिक समानता तथा सामाजिक समावेशी बिकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव बिश्लेषण गर्ने गरिन्छ ? | १ | कार्यक्रमहरुको अनुगमन मूल्यांकन र सो कार्यमा लैससास दृष्टिकोणको प्रयोग गरिएको। कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव बिश्लेषण गर्ने गरेको भेटिएन। | ०.५ |
| **५.४.३** | के स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | १ | समिक्षा बैठकमा महिला, बालबालिका, बिपन्न बर्ग लक्षित कार्यक्रम माथि छलफल हुने गरेको। | १ |
| **५.४.४** | के अनुगमन तथा मूल्यांकनवाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | १ | अनुगमन तथा मूल्यांकनवाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा प्रयोग भएको पाईयो। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३.५ |
| **५.५** | **समन्वय र सम्बन्ध बिस्तार** | | | |
| **५.५.१** | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको ? | १ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको। | १ |

| | | | | |
|---|---|---|---|---|
| **५.५.२** | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल सदस्य बनी कार्यगत छलफल तथा यस क्षेत्रको बिकासको लागि नियमितरुपमा कार्य हुने गरे/नगरेको ? | १ | लैससास बिकासको लागि सञ्जाल गठन भएको छैन। सञ्जालमा हुने काम भएको। | ०.५ |
| **५.५.३** | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैंगिक तथा समावेशी बिकास सम्बन्धी क्षमता बिकास तालिमहरु प्रदान गर्ने गरे/नगरेको ? | १ | सरोकारवालाहरुलाई तालिमहरु भएका छन्। सञ्जालकै हैसियतमा तालिम भएको छैन। | १ |
| **५.५.४** | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | १ | यी कार्यक्रमहरु भएका छन् तर नीतिगत रुपमा स्थानीयकरण गरिएको छैन। | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३ |
| | **मूल बिषयगत जम्मा** | २० | | १८ |
| | **कुल जम्मा** | १०० | | ८३.५ |

# केही झलकहरु









